# लेकम गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खरकडा, दार्चुला

७ नं. प्रदेश नेपाल

## आर्थिक ऐन, २०७४

गाउँ सभाबाट पारित मितिः २०७४।१।१६

ऐन नं २

# लेकम गाउँपालिका

## आर्थिक ऐन,२०७४

लेकम गाउँपालिका
खरकडा, दार्चुला
७ नं. प्रदेश, नेपाल

गा.पा. अध्यक्ष

# लेकम गाउँपालिकाको आर्थिक ऐन, २०७४

गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावनाः लेकम गाउँपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएंकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम लेकम गाउँपालिका गाउँ सभा सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन २०७४ साल श्रावण १ गतेदेखि लेकम गाउँ/नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पत्ति करः गाउँपालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत):गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर वहाल करः गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. विज्ञापन करः गाउँपालिका/नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (५) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

गा.पा. अध्यक्ष

७. बहाल बिटौरी शुल्कः गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (६) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

८. सेवा शुल्क, दस्तुरः गाउँपालिका/नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनुसूचि (७) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

९. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिइने छैन ।

१०. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

गा.पा. अध्यक्ष

अनुसूची -१

(नियम २ संग सम्बन्धित)

लेकम गाउँपालिका क्षेत्रभित्र रू १५ देखि रू ४० सम्म घरजग्गा कर लगाइनेछ।

वर्गीकरण

क. ढलान गरी निर्माण भएको पक्की घर र स्लेट तथा अन्य जस्ता टिन भएको १५ फिट भन्दा बढी उचाइको घर रू.४०।-

ख. स्लेटको छाना भएको प्लास्टर गरेको घर, १५ फिट सम्मको उचाई भएको घर रू २०।-

ग. साधारण घर , स्लेट छानो भएको सामान्य लिपपोत भएको घर रू. १५।-

अनुसूची -२

(नियम ३ सँग सम्बन्धित)

लेकम गाउँपालिका क्षेत्र भित्र निम्म लिखत रूपको मालपोत कर लगाइनेछ ।

खेत तर्फ २० रोपनी सम्म प्रति रोपनी

| क.सं. | जग्गाको किसिम | रकम |
|---|---|---|
| १ | अब्बल | ५ |
| २ | दोयम | ४ |
| ३ | सिम | ३ |
| ४ | चाहर | २ |

पाखो तर्फ २० रोपनी सम्म प्रति रोपनी

| क.सं. | जग्गाको किसिम | रकम |
|---|---|---|
| १ | अब्बल | ४ |
| २ | दोयम | ३ |
| ३ | सिम | २ |
| ४ | चाहर | १ |

खेत तर्फ २० रोपनी भन्दा माथि प्रति रोपनी

| क.सं. | जग्गाको किसिम | रकम |
|---|---|---|
| १ | अब्बल | ६ |
| २ | दोयम | ५ |
| ३ | सिम | ४ |
| ४ | चाहर | ३ |

पाखो तर्फ २० रोपनी भन्दा माथि प्रति रोपनी

| क.सं. | जग्गाको किसिम | रकम |
|---|---|---|
| १ | अब्बल | ५ |
| २ | दोयम | ४ |



गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| ३ | सिम | ३ |
| ४ | चाह र | २ |

अनुसूची -३

(नियम ४ सँगसम्बन्धित)

लेकम गाउँपालिका भित्र कसैले घर भाडामा लगाएमा त्यसमा घर भाडाको हुने १% (एक प्रतिशत) कर लगाइने छ ।

अनुसूची -४

(नियम ५ सँग सम्बन्धित)

लेकम गाउँपालिका भित्र तपसिल बमोजिमको दरमा व्यवसाय कर लगाइनेछ.

| क.सं. | व्यवसाय | रकम रू |
|---|---|---|
| १ | साना किराना पसल | १०० |
| २ | किराना पसल | २०० |
| ३ | थोक खुद्रा पसल | ५०० |
| ४ | खुद्रा कपडा पसल | २०० |
| ५ | खुद्रा सहित कपडा पसल | ५०० |
| ६ | थोक बिक्रेता | १००० |
| ७ | फेन्सी पसल | १००० |
| ८ | बिदेशी सामान सहित फेन्सी पसल | १५०० |
| ९ | कुर्ता सुरुवाल समेत विक्री गर्ने | १५०० |
| १० | जुत्ता चप्पल सहित फेन्सी | १५०० |
| ११ | २ सिट हजाम | २०० |
| १२ | ४ सिट हजाम | ३०० |
| १३ | ४ सिट भन्दा माथि | ५०० |
| १४ | ब्युटी पार्लर मात्र | ५०० |
| १५ | ब्युटी पार्लर तालिम समेत | ८०० |
| १६ | सुन चाँदी पसल | १००० |
| १७ | नक्कली गहना पसल | १००० |
| १८ | उत्पादन विक्री गर्ने भाडा पसल | [illegible]५०० |
| १९ | खुद्रा विक्री गर्ने भाडा पसल | १००० |
| २० | थोक तथा खुद्रा पसल | १५०० |
| २१ | माटो तथा प्लास्टिक सामग्री पसल | ५०० |

गा.पा. अध्यक्ष

| | | |
|---|---|---|
| २२ | प्लास्टिक अन्य | ५०० |
| २३ | मेडिकल | १००० |
| २४ | मेडिकल क्लिनिक | २००० |
| २५ | आयुर्वेद औसाधालय | २००० |
| २६ | सिलाई दुई मेसिन सम्म | ४०० |
| २७ | सिलाई २-५ मेसिन | ८०० |
| २८ | सिलाई ५ देखि माथि मेसिन | १२०० |
| २९ | सिलाई-तथा कपडा विक्री | १५०० |
| ३० | दैनिक उपभोग्य वस्तुको थोक विक्री | १००० |
| ३१ | चामल चिउरा,दाल , प्याज तेल थोक विक्री | १५०० |
| ३२ | मोबाइल विक्री तथा मर्मत पसल | १५०० |
| ३३ | फलफुल किराना पसल | ५०० |
| ३४ | फोटो खिच्ने | १००० |
| ३५ | फोटो खिच्ने र अन्य | १५०० |
| ३६ | पुस्तक पसल | १००० |
| ३७ | स्टेसनरी मात्र | ४०० |
| ३८ | डीजेल चक्की | ३०० |
| ३९ | विद्युत चक्की | ७०० |
| ४० | चिया सामान्य रेष्ट रेन्ट | ३०० |
| ४२ | चिया खाना होटल | ६०० |
| ४३ | चिया खाना बास समेत होटल | १००० |
| ४४ | कुटानी पिसानी पानी मिल | ७०० |

अनुसूची-६

(नियम ७ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्र भित्र विज्ञापनका होडिङ बोर्ड तथा पोष्टर आदि राखि विज्ञापन गरेका सो वापत कर दस्तर निम्न बमोजिम हुनेछ

होडिङ बोर्ड तथा पोस्टर ३×६ बर्ग फिट संम्म रू ५०० र सोभन्दा माथि रू १०००।

गा.पा. अध्यक्ष

गाउँ कार्यपालिकाको कार्यालय

अनुसूची -७

(नियम ८ सँग सम्बन्धित)

कवाड् किटौरी वापतको दस्तुर निम्न हुनेछ ।

गाउँपालिकाले आफै छाप्रो निर्माणं गरेको हकमा मासिक रू ५०० देखि २०००।– सम्म

व्यक्ति आफै अस्थायी छाप्रो टहरा निर्माण गरेकोमा प्रति वर्ग फिट मासिक रू ३ को दरले

अनुसूची-८

(नियम ९ सँग सम्बन्धित)

गाउँपालिका क्षेत्र भित्र उठाइने सेवा शुल्कको दर

१. निवेदन दस्तुर रू. १०।–
२. नागरिकता सिफारिस रू.५०।–
३. नागरिकता प्रतिलिपि सिफारिस रू. ५०।–
४. नागरिकता सिफारिश अङ्गिकृत रू.५००।–
५. अङ्ग्रेजी सिफारिश रू १००।–
६. अङ्ग्रेजी सिफारिश फोटो प्रमाणित रू.१००।–
७. चार किल्ला प्रमाणित रू १०० शहर
८. चार किल्ला प्रमाणित रू ५० गाउँ
९. सम्बन्ध विच्छेद सिफारिश रू १००/रू१०० गरी रू २००। (दुवै तर्फबाट)
१०. पेन्सन सिफारिरश रू५०।–
११. नाम थर फरक परेको सिफारिश रू. ५०।–
१२. घर जग्गा नामसारी सिफारिश रू५०।–
१३. उद्योग खोल्ने सिफारिश
    २० लाख सम्म जेथा भएको रू। ५००।
    २० देखि ५० लाख सम्म जेथा भएको रू १०००
    ५० लाख भन्दा माथि जेथा भएको रू. २०००।
१४. अंशबण्डा सिफारिश रू १००।–
१५. बैदेशिक कामका लागि सिफारिश भारत बाहेक रू१००।–
१६. बैदेशिक कामको लागि सिफारिस भारत रू.५०।–
१७. गरिब विपन्न / आर्थिक अवस्था कम्जोर सिफारिश रू.५०।–

गा.पा. अध्यक्ष

१८. क्लव तथा संघ संस्था खोल्ने सिफारिस रू. १००।–

१९. बैक, काउण्टर खोल्ने रू५००।–

२०. छात्र वृत्ति सिफारिश रू ५०।–

२१. जागिर सिफारिश रू१००।–

२२. कच्ची घर भंत्काउने अनमति रू वडाबाट सिफारिस भई गाउँपालिकाबाट सिफारिश रू२५/२५ गरी ५० ।-

२३. नाता प्रमाणित रु१००

२४. जम्म, विवाहित, अविवाहित, मृत्यु प्रमाणित रू५०।–

२५. बसपत्र सिफारिश रू.१००।–

२६. अपुताली रू.१००।–

२७. व्यवसाय दर्ता ५०।–

२८. सर्जमिन दस्तुर रू.२०० (कर्मचारी खाजा रू ५० थप)

२९. सर्जिमन दस्तुर प्राविधिक समेत रु.३००।–

३०. मिलापत्र सिफारिस दस्तुर रू. १००/१०० दुवै पक्ष रू. २००।–

३१. विद्यालय खोल्ने सिफारिस (आ.वि./ मा.वि) रु।१००/२००।–

३२. गैर सरकारी संस्था नविकरण

रू ५लाख सम्म पूँजी रू२००।-

रू. ५ लाख देखि २५ लाख सम्म पुँजि रू ३००।-

रू. २५ लाख भन्दा माथि पूँजि भएको रू ५००।–

३३. वन्दुक एक नाले नविकरण देश भरि रू ५००।-

जिल्ला भित्र रू ३००

३४. अपाङ्ग सिफारिश निशुल्क

३५. कोर्ट फि मिनाहा सिफारिश निःशुल्क

३६. अन्य सिफारिस मूल्याङ्कन गरी रू ५० देखि २०० सम्म

२०७४।४।१६